# विहादी गाउँपालिका

## स्थानीय राजपत्र

| | | |
|---|---|---|
| खण्ड ९ | संख्या ५ | मिति २०८२।०५।१३ |

# भाग २

**विहादी गाउँपालिका**
**गण्डकी प्रदेशनेपाल ,**

**संवत २०७७ सालको कार्यविधि संख्या ४ मा दोस्रो पटक संशोधन, २०८२**

| |
|---|
| **खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि, २०७७ मा दोस्रो पटक संशोधन, २०८२** |

विहादी गाउँपालिका

# खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधी, २०७७ मा दोस्रो पटक संशोधन २०८२

दोस्रो पटक संशोधन २०८२।०५।१३

**प्रस्तावना :** विहादी गाउँपालिका क्षेत्रभित्र स्वच्छ खानेपानीको पँहुच सबै गाउँवासीहरुमा पुऱ्याउने उदेश्यले स्वच्छ खानेपानीको व्यवस्थापन गर्न खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरुको स्थापना, दर्ता तथा व्यवस्थापन गर्न तयार गरिएको कार्यविधिमा समय अनुकुल संशोधन गर्न वाञ्छनिय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को खण्ड “ध” १ र २ मा रहेको अधिकार र सोही ऐनको दफा १०२ को अधिकार प्रयोग गरी र विहादी गाँउपालिकाको प्रशासनिक कार्यविधि नियमित गर्ने ऐन २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी विहादी गाउँकार्यपालिकाले यो कार्यविधि देहाय बमोजिम संशोधन गरि लागु गरेको छ ।

**विहादी गाउँपालिकाको खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि, २०७७ को दफा १६ मा संशोधन :**

**१.दर्ता तथा नवीकरण शुल्क :** (१) खानेपानी तथा सरसफाइ उपभोक्ता समिति दर्ता दर्ता तथा नविकरण शुल्क विहादी गाउँपालिकाको आर्थिक ऐन बमोजिम हुनेछ । आर्थिक वर्ष समाप्त भए पश्चात उपभोक्ता समिति नविकरण गराउनुपर्नेछ । साविकको जिल्ला जलश्रोत समितिमा दर्ता भएका समितिको हकमा कार्यविधि लागू भएको तीन महिना भित्र नवीकरण गरिसक्नुपर्नेछ, अन्यथा वार्षिक करको अतिरिक्त देहाय बमोजिमको जरिवाना लाग्नेछ ।

क) आर्थिक वर्ष समाप्त भएको मितिले ३ महिना सम्म जरिवाना लाग्ने छैन ।

ख) म्याद समाप्त भएको मितिले ६ महिना सम्म नविकरण गरेमा नविकरण शुल्कको ५० प्रतिशत

ग) म्याद समाप्त भएको मितिले १२ महिना सम्म नविकरण गरेमा नविकरण शुल्कको ८० प्रतिशत

घ) म्याद समाप्त भएको मितिले २ वर्ष सम्म नविकरण गरेमा नविकरण शुल्कको अतिरिक्त प्रति वर्ष ३०० प्रतिशतका दरले जरिवाना लाग्नेछ ।

ङ) उपभोक्ता समिति दर्ता भएपश्चात प्रत्येक वर्ष नविकरण गर्नुपर्नेछ । नविकरण नभएमा प्रत्येक वर्षको नविकरण शुल्क वार्षिक बक्यौता सरह असुल उपर गरिनेछ ।

(२) उपनियम १ बमोजिमको दर्ता शुल्क र नवीकरण शुल्कमा प्रत्येक आर्थिक वर्ष राजश्व परामर्श समितिको निर्णयानुसार गाउँपालिकाले हेरफेर गरेमा सोही बमोजिम हुनेछ ।

आज्ञाले

थमन बहादुर रेश्मी

प्रमुख प्रशासकीय अधिकृत